# बारबर्दिया नगरपालिका

## स्थानीय राजपत्र

खण्डः९ संख्याः४ नगर कार्यपालिकाबाट निर्णय मितिः२०८२/०८/०१

भाग-२

बारबर्दिया नगरपालिका

### बारबर्दिया नगरपालिकाको सूचना।

बारबर्दिया नगरपालिकाको मिति २०८२/०८/०१ गतेको नगर कार्यपालिकाबाट "कृषि-मौसम सल्लाह सेवा कार्यविधि, २०८२" पारित भई प्रकाशन भएको हुँदा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

## कृषि-मौसम सल्लाह सेवा कार्यविधि, २०८२

प्रस्तावनाः

जलवायु परिवर्तन तथा अन्य कारणले गर्दा बिभिन्न किसिमका मौसम तथा कृषिसँग सम्बन्धित समस्याहरुबाट किसानहरुलाई छुटकारा दिलाउने सन्दर्भमा बारबर्दिया नगरपालिकामा कृषि-मौसम सल्लाह सेवा आवश्यक देखिएकोले बारबर्दिया नगरपालिकाको प्रंशासकीय कार्यबिधि नियमित गर्ने ऐन २०७४ को दफा ४, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिनमा रही कृषकलाई नियमित रुपमा मौसम पूर्वानुमान तथा सावधानीका उपायबारे अग्रिम अवगत गराई कृषि कार्यको व्यवस्थापन, अप्रत्यासित मौसमी परिवर्तनबाट हुने क्षति र जलवायुजन्य जोखिम न्यूनीकरण गर्दै क्षमता अभिवृद्धि मार्फत कृषकको उत्थानशीलता क्षमता विकास गर्ने उद्धेश्य अनुसार यो कार्यविधि बनाई बारबर्दिया नगरपालिकाले जारी गरेको छ ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख



CamScanner

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नांम "कृषि-मौसम सल्लाह सेवा कार्यविधि, २०८२" रहनेछ ।

ख) यो कार्यविधि नगरकार्यपालिकाबाट स्विकृत भएको मिति देखि नै बारबर्दिया नगरपालिका भर लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "उप-प्रमुख" भन्नाले बारबर्दिया नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

ख. "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई बुझाउँछ ।

ग. "कृषक" भन्नाले कृषि वा कृषि क्षेत्रमा संग्लग्न कृषक, उद्यमी र व्यवसायी भन्ने बुझाउँदछ ।

घ. "कृषि" भन्नाले जीवन धान्न र विकास/बृद्धि का लागि आवश्यक खाना रेशा जैविक उर्जा ,जडिबुटी, व्यवसायिक र अन्य बस्तु उत्पादन गर्न प्रयोग गरिने बिरुवा, पशुपन्छी (माछा समेत) र ढुसी/च्याउजातको खेती वा पालन र प्रजनन सम्बन्धि कार्य वा क्षेत्र भन्ने बुझाउदछ । यसमा उत्पादन गर्नका लागि आवश्यक कृषि सामाग्री, सिंचाई, यन्त्र, उपकरण, प्राविधिक सेवाटेवा र उत्पादित बस्तुहरुको भण्डारण र बिक्रि वितरणको व्यवस्थापन समेत पर्दछन ।

ङ. "कृषि बजार" भन्नाले यस नगरपालिका क्षेत्र भित्रको कृषि तथा पशुपंक्षिजन्य सामाग्रीको खरिद विक्री हुने स्थानलाई सम्झनु पर्द्छ।

च. "नगर कार्यपालिका" भन्नाले बारबर्दिया नगर कार्यपालिका सम्झनु पर्छ ।

छ. "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिकालाई बुझ्नु पर्दछ ।

ज. "नगर प्रमुख" भन्नाले बारबर्दिया नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

झ. "प्राविधिक कार्यसमूह" भन्नाले दफा ७ अनुसार गठन गरिएको समितिलाई बुझ्नु पर्छ ।

ञ. "प्राविधिक" भन्नाले कृषि तथा पशु सेवा शाखा अन्तर्गतका प्राविधिक कर्मचारी भन्ने बुझाउँदछ ।

ट. "बुलेटिन" भन्नाले नगरपालिकाले साप्ताहिक रुपमा जारी गर्ने कृषि-मौसम सल्लाह बुलेटिनलाइ सम्झनु पर्दछ ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

ठ. "मौसम" भन्नाले कुनै सानो भू-भाग वा स्थानको वायमुण्डलमा छिनछिन वा दैनिक रुपमा हुने वातावरणीय अवस्थालाई बुझ्नु पर्दछ । मौसमको सुचकको रुपमा दैनक तापक्रम, वायु (हावा) को गति, वर्षातलाई लिने गरिन्छ ।

ड. "वडा" भन्नाले बारबर्दिया नगरपालिकाको वडालाई सम्झनु पर्छ ।

ढ. "वरघर" भन्नाले यस नगरपालिकाको वरघर ऐन २०७७ बमोजिमका वरघरहरुलाई सम्झनु पर्दछ।

ण. "समन्वय समिति" भन्नाले दफा ६ अनुसारको समितिलाइ बुझ्नु पर्छ ।

त. "समूह" भन्नाले स्थानीय स्तरमा गठन भएर पालिकामा दर्ता भएका कृषक समूहलाई सम्झनु पर्दछ ।

थ. "सल्लाह" भन्नाले आगामी एक हप्तामा कृषि सल्लाह सेवा बुलेटिन तथा पालिकाबाट निकालिएका विभिन्न सूचनाहरु सम्बन्धि जानकारिलाई सम्झनु पर्दछ । यसले कृषि तथा मौसम सम्बन्धि जानकारी र सुझावलाई समेत जनाउदछ।

द. "संविधान" भन्नाले नेपालको संविधानलाइ सम्झनु पर्दछ ।

३. कार्यक्रम सञ्चालनका उद्देश्यहरु

यो सल्लाह सेवा कार्यक्रम देहाय बमोजिमका उद्देश्यहरु प्राप्त गर्नका लागि सञ्चालन गरिनेछ।

क) कृषि सँग सम्बन्धित वा नगरपालिकाबाट निकालिएका सम्पूर्ण सूचनाहरु किसानसम्म पुर्याउन ।

ख) कृषिमा किसानहरुले दैनिक रुपमा भोग्नु परेका जोखिमहरुको (बाली अभ्यास तथा पशुपन्छीपालन सम्बन्धि ज्ञानको कमी, रोगकीरा तथा परजीवी व्यवस्थापन सम्बन्धि ज्ञानको कमी आदी) न्यूनिकरण गर्न ।

ग) मौसम पूर्वानुमानको सहयोगबाट कृषकको बालीनाली नोक्सान हुनबाट बचाउन ।

घ) कृषि उत्पादनमा बृद्धि गरि कृषकहरुको आयस्तरमा बृद्धि गर्न ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन विधि

४. कार्यक्रम सञ्चालनः

क) यो कार्यक्रम बारबर्दिया नगरपालिकामा सञ्चालन गरिनेछ ।

ख) वार्षिक कार्यक्रमको बजेट परिधिमा रहेर यो कार्यक्रम बारबर्दिया नगरपालिका भर सञ्चालन हुनेछ ।

५. संरक्षकः यस नगरपालिकाबाट प्रकाशन हुने कृषि-मौसम सल्लाह सेवा बुलेटिनको संरक्षकको भूमिका नगर प्रमुखबाट हुनेछ।

६. समन्वय समितिः

१) कृषि मौसम सल्लाह सेवाको व्यवस्थापन, प्रभावकारिता मुल्यांकन तथा पृष्ठपोषणको लागि आर्थिक बिकास समितिको संयोजकको संयोजकत्वमा देहाय बमोजिमको समन्वय समिति गठन गरिनेछ ।



नगर प्रमुख

(क) आर्थिक विकास समितिको संयोजक -संयोजक

(ख) आर्थिक विकास समितिको सदस्य (२ जना) -सदस्य

(ग) बन वातावरण तथा विपद जोखिम न्यूनीकरण समितिको संयोजक -सदस्य

(घ) कृषि बिकास शाखा प्रमुख -सदस्य

(ङ) पशु सेवा शाखा प्रमुख -सदस्य

(च) नगर विपद जोखिम व्यवस्थापन सम्पर्क व्यक्ति -सदस्य सचिव

२) समन्वय समितिको बैठक त्रैमासिक रुपमा बस्नुपर्नेछ । साथै आवश्यकता अनुसार पनि थप बैठकहरु बस्न सकिनेछ ।

३) कृषि मौसम सल्लाह सेवा सञ्चालन गर्नको लागि आवश्यक बजेटको सुनिश्चीतता समन्वय समितिले गर्नुपर्नेछ ।

४) सेवाको प्रभावकारिता, कृषकहरु बीच पहुँच तथा थप प्रभावकारी बनाउन सुझाव संकलनको लागि समन्वय समितिले नगरपालिका र वडा कार्यालयमा राखिएको सुझाव पेटिका, बिद्युतीय माध्यम तथा समुदाय स्तरमा बैठकको माध्यमबाट पृष्ठपोषण लिनुपर्नेछ । वडा स्तरमा रहेका कृषि तथा पशु सेवा प्राविधिकहरुलाई समुदाय स्तरबाट सुझाव संकलन गरी समन्वय समितिलाई बुझाउन निर्देशन दिनुपर्नेछ ।

५) प्राप्त सुझावहरुको आधारमा समन्वय समितिले प्राविधिक कार्य समुहलाई सेवाको प्रभावकारिता सुधार गर्नको लागि आवश्यक निर्देशन प्रदान गर्नुपर्नेछ ।

७. प्राविधिक कार्यसमूह गठनः

१) साप्ताहिक रुपमा कृषि-मौसम सल्लाह बुलेटिन तयारीको लागि देहाय बमोजिमको एक प्राविधिक कार्यसमूहको गठन गरिने छ।

(क) कृषि बिकास शाखा प्रमुख -संयोजक

(ख) पशु सेवा शाखा प्रमुख -सदस्य

(ग) नगर विपद जोखिम व्यवस्थापन सम्पर्क व्यक्ति -सदस्य

(घ) कृषि बिकास शाखाका प्राविधिक -सदस्य

(ङ) पशु सेवा शाखाका प्राविधिक -सदस्य

(च) ली-बर्डको प्रतिनिधि (परियोजना अवधिभर) -सदस्य

(छ) अन्य सरोकारवाला (संघ संस्थाका प्रतिनिधिहरु) -सदस्य

२) प्राविधिक कार्यसमूहले कृषि बिकास शाखाका प्राविधिक वा पशु सेवा शाखाका प्राबिधिक मध्ये बाट एक जना सदस्य सचिव छनौट गर्नेछ ।

नगर प्रमुख

३) प्राविधिक कार्यसमूहले आवश्यकता अनुसार एकीकृत कृषि तथा पशुपन्छी बिकास कार्यालय, बर्दियाका विषय विज्ञ, अन्य बिषय विज्ञ तथा सम्बन्धित सरोकारवालाहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

८. प्राविधिक कार्यसमूहको काम, कर्तब्य र अधिकार :

क) साप्ताहिक रुपमा मौसमी तथ्याङ्क तथा कृषि सम्बन्धि समस्याको जानकारी प्राप्ति गर्ने,

ख) मौसमी तथ्याङ्कको आधारमा कृषि तथा पशुपन्छीमा हुने सम्भावित जलवायुजन्य जोखिमहरुको पहिचान गरी सावधानीका उपायहरु वा प्राविधिक पक्षलाई समावेश गरी बुलेटिन तयार गर्ने,

ग) मौसमी प्रतिकूलताका आधारमा जलवायु अनुकूलन तथा उत्थानशीलता सम्बन्धी ज्ञान, सीप तथा प्रविधिको पहिचान गरी बुलेटिनमा समावेश गर्ने,

घ) तथ्यपरक तथ्याङ्क प्राप्त गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

ङ) समन्वय समितिको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

च) प्राविधिक कार्यसमूहले प्रत्येक हप्ता बैठक बसी आगामी हप्ताको लागि कृषि मौसम सल्लाह बुलेटिन तयार तथा सम्प्रेषण गर्नुपर्नेछ ।

छ) आवश्यकता अनुसार कृषि तथा पशुपालन सम्बन्धि विभिन्न सल्लाहहरु तयार गरी कृषकहरु माझ सम्प्रेषण गर्नुपर्नेछ ।

९. प्राविधिक कार्यसमूहको बैठक

क) प्राविधिक कार्यसमूहको बैठक हरेक हप्ताको शुक्रबार बस्नुपर्नेछ । यदि सो दिन सार्वजनिक विदा हुन गएमा अघिल्लो दिन बिहिबार बस्नुपर्नेछ । यदि दुबै दिन सार्वजनिक बिदा हुने परिस्थिति भएमा कार्यसमूहले प्रकाशनमा असर नपर्ने गरी कुनै समय तोकी बैठक बस्नुपर्नेछ ।

ख) प्राविधिक कार्यसमूहले आवश्यकता अनुसार मौसमी संवेदनशीलता, कृषि तथा पशुपन्छीजन्य रोगकिराको प्रकोपको अवस्थालाई मध्यनजर गरी तोकिएको समय भन्दा बाहेक पनि बैठक बस्न सक्नेछ ।

१०. कृषि-मौसम सल्लाहको लागि सूचना संकलन

क) प्राविधिक कार्यसमूहले मौसम सम्बन्धी सूचना जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखा ले जारी गर्ने साप्ताहिक मौसम पूर्वानुमानबाट संकलन गर्नुपर्नेछ । साथै पालिका नजिक रहेको मौसमी केन्द्र वा नजिकको जल तथा मौसम विज्ञान बिभागको कार्यालयबाट साप्ताहिक मौसमी तथ्याङ्क प्राप्त गर्न सक्ने छ ।

ख) प्राविधिक कार्यसमूहले नेपाल कृषि अनुसन्धान परिषद्ले जारी गर्ने साप्ताहिक कृषि-मौसम सल्लाह बुलेटिनबाट कृषि तथा पशुपन्छीपालन सम्बन्धी सल्लाह संकलन गर्न सक्नेछ भने अनुसूची-१ अनुसारको सन्दर्भ सामाग्रीहरु बाट आवश्यक जानकारी संकलन गर्न सक्नेछ ।

नगर प्रमुख



CamScanner

ग) कृषि बिकास शाखा तथा पशु सेवा शाखाले बिभिन्न बालीहरुको उत्पादनको अवस्था, पशुपन्छीको अवस्था, रोग किराको प्रकोप तथा अन्य समस्याहरु वडामा रहेका कृषि तथा पशु सेवा प्राविधिकहरु र अन्य वडा स्तरीय सरोकारवालाहरुसँग टेलिफोन वा अन्य कुनै माध्यमबाट संकलन गर्नुपर्नेछ । प्राप्त भएको सूचनालाई सम्बन्धित शाखाको तर्फबाट कार्यसमूहको सदस्य चयन भएका प्रतिनिधिले समाहित गरी प्राविधिक कार्यसमूहको नियमित बैठकमा छलफलको लागि पेश गर्नुपर्नेछ ।

घ) नजिकको कृषि बजारको अघिल्लो साताको बिभिन्न बालीको माग तथा बिक्रि मुल्यको तथ्याङ्क पनि कार्यसमूहले संकलन गर्न सक्नेछ ।

११. कृषि-मौसम सल्लाह बुलेटिन तयारी

क) प्राविधिक कार्यसमूहले नेपाल कृषि अनुसन्धान परिषद्ले जारी गर्ने साप्ताहिक कृषि-मौसम सल्लाह बुलेटिन, मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभागले जारी गर्ने साप्ताहिक मौसम पूर्वानुमान तथा अनुसूची-२ अनुसारका बिभिन्न सन्दर्भ सामाग्रीहरुको सहयोग लिएर साप्ताहिक रुपमा "बारबर्दिया कृषि-मौसम सल्लाह बुलेटिन" तयार गर्नुपर्नेछ ।

ख) उपलब्ध सूचनाको विश्लेषण गरी बुलेटिनमा साप्ताहिक मौसमी अवस्थाको सारांश, कृषि तथा पशुपन्छी अवस्थाको सारांश र कृषि सल्लाह गरी ३ खण्डमा विषयबस्तु समावेश गरी अनुसूची-२ अनुसारको फर्मेटमा बुलेटिन प्रकाशन गर्नुपर्नेछ ।

ग) मौसमी सारांशमा गत हप्ता नजिकको जल तथा मौसम विज्ञान बिभागको मौसमी केन्द्रबाट प्राप्त मौसमी अवस्थाको बारेमा तथा आगामी हप्ताको मौसमी परिदृश्य उल्लेख गर्नुपर्नेछ ।

घ) कृषि सारांशमा कृषि, पशुपन्छी तथा मत्स्यपालन कृषकहरुले आगामी हप्ता व्यवस्थापनमा तत्काल ध्यान दिनुपर्ने विषयहरु उल्लेख गर्नुपर्नेछ ।

ङ) कृषि सल्लाहमा मौसम अनुसार नगरपालिका क्षेत्र भित्र लगाइएको मुख्य खाद्यान्न, फलफुल, तरकारी वा अन्य बाली, पशुपन्छी तथा मत्स्यपालनमा देखिएका र सम्भावित जलवायुजन्य जोखिमको रोकथाम तथा न्यूनीकरणका लागि अपनाउनुपर्ने सावधानीका विषयहरुलाई विस्तृत रुपमा समावेश गर्नुपर्नेछ ।

१२. कृषि-मौसम सल्लाह सुचना सम्प्रेषण तथा प्रचार प्रसार व्यवस्थापनः

क) कृषि-मौसम सल्लाह सूचना प्रचारप्रसार गर्नका लागि नगरपालिकाको वेबसाइट, सामाजिक सञ्जालहरु र डिजिटल सूचना पाटीहरु मार्फत बुलेटिन सम्प्रेषण गर्नुपर्नेछ ।

ख) प्राविधिक कार्यसमूहले बुलेटिन सबै वडा कार्यालयहरुलाई ईमेल मार्फत पठाई वडामा रहेको कृषि-मौसम सूचना पाटीमा टाँस गर्न र जनप्रतिनिधिहरु तथा कृषक समूह/सहकारीहरुलाई जानकारी गराउन अनुरोध

नगर प्रमुख

गर्नुपर्नेछ । प्रत्येक वडामा धेरै कृषकको आवागमन हुने स्थान जस्तैः वडा कार्यालय, हाट बजार वा समूह/सहकारी मा कृषि-मौसम सुचना पाटी राख्न सकिनेछ ।

ग) मौसमी संवेदनशीलतालाई मध्यनजर गरी आवश्यकता अनुसार जिङ्गल तयार गरी साइरन र गाडीको प्रयोग गरी सल्लाह सम्प्रेषण गर्नुपर्नेछ । आवश्यकता अनुसार पालिका भित्र कभरेज रहेका एफ.एम., रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा अन्य सञ्चार माध्यममार्फत पनि प्रचारप्रसार गर्न सकिनेछ ।

घ) एस.एम.एस. सेवाप्रदायकहरु सँग सहकार्य गरी स्थानीय तहका जनप्रतिनिधिहरु, प्राविधिकहरु, वडघर, नागरिक बैज्ञानिक, अगुवा कृषकहरु तथा अन्य सरोकारवालाहरुलाई आवश्यकता अनुसार प्रतिकूल मौसमको अवस्थामा एस.एम.एस. प्रणालीमार्फत सूचना पठाउनुपर्नेछ ।

ङ) कृषि-मौसम सल्लाह बुलेटिन र सुचना प्राप्त गर्ने माध्यमहरु बारे जानकारी गराउन प्राविधिक कार्यसमूहले पहिलो बर्ष सबै वडामा र त्यसपछिका वर्षहरुमा आवश्यकता अनुसार जनप्रतिनिधि, अगुवा कृषक, वडघर, समूह/सहकारीको प्रतिनिधि, नागरिक बैज्ञानिक, कृषकहरु भेला गराई वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

च) बुलेटिनको प्रचार प्रसारको लागि पालिका अन्तर्गत कृषि बिकास शाखा र पशु सेवा शाखाले सञ्चालन गर्ने क्षमता अभिवृद्धि कार्यक्रमहरुमा कृषि-मौसम सल्लाह बुलेटिन र सुचना प्राप्त गर्ने माध्यमहरु बारे अनिवार्य अभिमुखीकरण गर्नुपर्नेछ । साथै कृषि बिकास शाखा तथा पशु सेवा शाखाले गर्ने फिल्ड अनुगमन तथा समूह/सहकारी बैठकहरुमा पनि कृषि-मौसम सल्लाह सम्बन्धि छलफल गर्नुपर्नेछ ।

छ) प्राविधिक कार्यसमूहले नगर स्तरीय कृषक समन्वय समिति र पालिकामा सुचिकृत कृषि तथा पशुपन्छी संग सम्बन्धित गैर सरकारी संस्थाहरुलाई पनि इमेल मार्फत बुलेटिन पठाउनुपर्नेछ र उक्त संस्थाहरुले काम गर्ने समूह/सहकारी/फर्महरुमा बुलेटिन सम्बन्धि छलफल गराउन निर्देशन गर्नुपर्नेछ ।

ज) सुचना सम्प्रेषणको लागि वडघर प्रणालीको क्षमता अभिवृद्धि गर्नुपर्नेछ ।

झ) कृषि-मौसम सल्लाह सूचना सम्प्रेषणका लागि खटिएका कर्मचारी, वडघर, गाउँको चौकीदार, अन्य सरोकारवालाहरुको क्षमता अभिवृद्धि र सूचना भण्डारण तथा सम्प्रेषणको लागि आवश्यक सामाग्रीको लागि नगरपालिकाले आफ्नो बार्षिक कार्ययोजनामा प्राथमिकता राख्नुपर्नेछ ।

## परिच्छेद ३

## अनुगमन

१३. अनुगमन तथा सुझावः स्थानीय तहको मौजुदा नगर उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिले आवश्यकता अनुसार सेवाको प्रभावकारिताको अनुगमन गरी समन्वय समितिलाइ सुझाव प्रदान गर्नुपर्नेछ ।

नगर प्रमुख

CamScanner

परिच्छेद ४

विविध

१४. आर्थिक प्रशासन सेवाः कार्यक्रमको लेखा र लेखा परिक्षण नगरपालिकाको आर्थिक ऐन, बिनियोजन ऐन र आर्थिक नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धि निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन, तथा सार्वजनिक खरिद नियमावलीका साथै प्रचलित कानून बमोजिम हुनेछ ।

१५. प्रचलित कानून लागु हुनेः कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यो कार्यविधिमा उल्लेख भएको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. बाधा अड्काउ फुकाउनेः यो कार्यविधि बमोजिम कार्य सम्पादन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१७. बचाउ, खारेजी एवं संशोधन : क) यस बारबर्दिया नगरपालिकाले यस अघी गरेका कृषि मौसम सल्लाह सम्बन्धि कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

ख) बारबर्दिया नगरपालिकाले आवश्यकता अनुसार यो कार्यविधि खारेजी वा संशोधन गर्न सक्नेछ ।

१८.कार्यक्रम कार्यान्वयनका क्रममा केहि अस्पस्टता आएमा नगरपालिकाको निर्णय नै अन्तिम निर्णय हुनेछ।

१९. ली-बर्ड अन्तर्गत संचालित परियोजना अवधिभर वुलेटिनमा "ली-बर्डको प्राविधिक सहयोगमा तयार गरिएको" भन्ने शब्द र परियोजना संग सम्बन्धित लोगोहरु पनि प्रयोग गर्नुपर्नेछ ।

नगर प्रमुख

आज्ञाले
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

### परिच्छेद-२को दफा-१० (ख) संग सम्बन्धित

### कृषि-मौसम सल्लाह सूचना बुलेटिन तयार गर्नको लागि सन्दर्भ सामाग्रीहरु

क. नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा जल तथा मौसम बिज्ञान बिभाग संगको सहकार्यमा जारी कृषि-मौसम सल्लाह बुलेटिन । https://narc.gov.np/agromet-bulletin/

ख. मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम बिज्ञान बिभाग, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल (TIA), गौचर, काठमाडौंले प्रत्येक बिहिबार जारी गर्ने साप्ताहिक मौसम पूर्वानुमान । https://dhm.gov.np/mfd/#/weather/pages/weekly-weather-outlook

ग. कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी गण्डकी कृषि मौसम सल्लाह बुलेटिन ।

घ. बारबर्दिया नगरपालिकाको माटोको अवस्था र मलको सिफारिस मात्रा (माटोको डिजिटल नक्सामा आधारित) ।

ङ. प्रभावमा आधारित मौसम पूवाानुमान बुलेटिन_बारबर्दिया नगरपालिका

च. नजिकको कृषि बजारको सूचना

छ. नजिकको कृषि मौसम केन्द्रको तथ्यांक

ज. राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रकाशन

झ. नार्क, कृषि सूचना तथा प्रशिक्षण केन्द्र तथा बिभिन्न सरकारी निकायबाट प्रकाशित सन्दर्भ सामाग्री र सूचना

ञ. कृषि तथा पशुपालन सम्बन्धित बिभिन्न शिक्षण संस्थाको अनुसन्धान प्रतिवेदन

ट. ली-बर्ड (www.libird.org/publications) लगायत अन्य गैर सरकारी निकायबाट प्रकाशित सन्दर्भ सामाग्री

ठ. अन्य सम्बन्धित सन्दर्भ सामाग्री

नगर प्रमुख



CamScanner

अनुसूची २ :

परिच्छेद-२ को दफा-११ (ख) संग सम्बन्धित

कृषि-मौसम सल्लाह बुलेटिनको नमुना

## बारबर्दिया कृषि मौसम सल्लाह बुलेटिन

## Barbardiya Agro-met Advisory Bulletin (BAAB)

, बारबर्दिया नगरपालिका (कृषि बिकास शाखा र पशु सेवा शाखा) ले ली-वर्ड संगको प्राविधिक सहकार्यमा जारी

| वर्षः , अङ्कः | अवधिः | देखि | सम्म | मितिः |
|---|---|---|---|---|

| |
|---|
| मौसमी अवस्थाको सारांशः |
| कृषि सारांशः |
| कृषि सल्लाहः |
| सन्दर्भ सामाग्रीः |

नगर प्रमुख

novo nordisk foundation

Benefitting people and society

LI-BIRD

DCA actalliance

अनुसूची २

परिच्छेद-२को दफा-९ (ख) संग सम्बन्धित

कृषि-मौसम सल्लाह सूचना बुलेटिन तयार गर्नको लागि सन्दर्भ सामाग्रीहरु

ङ. नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा जल तथा मौसम विज्ञान बिभाग संगको सहकार्यमा जारी कृषि-मौसम सल्लाह बुलेटिन । https://narc.gov.np/agromet-bulletin/

ढ. मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान बिभाग, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल (TIA), गौचर, काठमाडौंले प्रत्येक बिहिबार जारी गर्ने साप्ताहिक मौसम पूर्वानुमान । https://dhm.gov.np/mfd/#/weather/pages/weekly-weather-outlook

ण. कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी गण्डकी कृषि मौसम सल्लाह बुलेटिन ।

त. बारबर्दिया नगरपालिकाको माटोको अवस्था र मलको सिफारिस मात्रा (माटोको डिजिटल नक्सामा आधारित) ।

थ. प्रभावमा आधारित मौसम पूवाानुमान बुलेटिन_बारबर्दिया नगरपालिका

द. नजिकको कृषि बजारको सूचना

ध. नजिकको कृषि मौसम केन्द्रको तथ्यांक

न. राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रकाशन

ऩ. नार्क, कृषि सूचना तथा प्रशिक्षण केन्द्र तथा बिभिन्न सरकारी निकायबाट प्रकाशित सन्दर्भ सामाग्री र सूचना

प. कृषि तथा पशुपालन सम्बन्धित बिभिन्न शिक्षण संस्थाको अनुसन्धान प्रतिवेदन

फ. ली-बर्ड (www.libird.org/publications) लगायत अन्य गैर सरकारी निकायबाट प्रकाशित सन्दर्भ सामाग्री

ब. अन्य सम्बन्धित सन्दर्भ सामाग्री

नगर प्रमुख